**नेशनल हाइड्रो पावर कंपनी लिमिटेडको**
**विशेष साधारण सभाकालागि**
**सञ्चालक समितिका तर्फबाट अध्यक्षको प्रतिवेदन**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस नेशनल हाइड्रो पावर कं. ली. को विशेष साधारण सभामा भाग लिन उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु । देशमा रहेको चरम उर्जा संकट तथा विद्यमान राजनैतिक सङ्कमण को चपेटामा पनि यस कम्पनीले सन्तोष जनक प्रगति हासिल गरेको छ ।

यस विशेष साधारण सभा निश्चित प्रयोजनकालागि डाकिएको यहाँहरुलाई विदितैछ । यद्यपी यस अवसरमा कम्पनीका केहि गतिविधि तथा भावी कार्यक्रमहरुबारे अवगत यहाँहरुलाई गराउने अनुमति चाहन्छु ।

**१. कम्पनीको विगत वर्षहरुको कार्य सम्पादन तथा कम्पनिको वित्तिय झलक :**

यस कम्पनिको प्रमुख काम सिन्धुपाल्चोक जिल्लामा अवस्थिा इन्द्रावति – ३ जल विद्युत आयोजनाको सफल सञ्चालन नै हो । यसका अलावा कम्पनीको दैनिक व्यवस्थापन गर्नु, तथा भावि आयोजनाहरु खोजि लगानीका अवसरहरु पहिल्याउने काम पनि हाम्रा प्राथमिकता भित्र परेकाछन् । यस कममा विगत देखि व्यवस्थित नभइ रहेका कम्पनीका जग्गाहरु व्यवस्थित गरिएका छने, तिर्न बाकी रहेको रोयल्टि राफ साफ भएको छ, इन्द्रावति ३ ज. वि. आयोजनाको मरमत सम्भार नियमित रुपमा हुँदै आएको छ, कम्पनिले बुझाउनु पर्ने विवरणहरु समयमानै बुझाइएकोछ, कर्मचारी व्यवस्थापन सुदृढ भएकोछ र कम्पनि आफ्नो भावि रण निती र कार्य योजना बनाएर अगाडि बढ्न सक्ने भएको छ । यो सबै काम हरुलाई बजारले सकरात्मक रुपमा लिएको प्रष्ट छ । कम्पनिको गत ६ वर्षको लेखा परिक्षण गर्न बाँकी रहेको भएता पनि आन्तरि लेखा परिक्षणको आधारमा संस्थाको तुलनात्मक आर्थिक विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| विवरण | २०६९।०७० | २०७०।७१ | २०७१।७२ | २०७२।७३ पौष मसान्त सम्म |
|---|---|---|---|---|
| विद्युत राजस्व | १८,९८,१४,०३४। | १७,९८,६४,२३७ | १९,१०,२८,७७५ | १०,३०,३८,२०९। |
| ऋण | २५,६९,७१,९२४। | १६,६२,३३,२११। | ७,९१,५४,१४१ | – |
| खुद नाफा | ७,५३,६९,३४१। | ६,७२,०६,४९८। | ६,२७,५९,१५४ | ५,६९,६२,८१७ |
| नेट वर्थ | १०९ | ११२ | १२२ | १२८ |

क. यस कम्पनिको प्रमुख आयको श्रोत विद्युत बिकी नै रहेकोले विगत वर्षहरुको विद्युत बिकी तथा सो बाट आर्जित आय देहाय बमोजिम छ ।

| | २०६५।६६ | | २०६६।६७ | | २०६७।६८ | | २०६८।६९ | | २०६९।०७० | | २०७०।७१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मे.वा.घ | रुपैयाँ | मे.वा.घ | रुपैयाँ | मे.वा.घ | रुपैयाँ | मे.वा.घ | रुपैयाँ | मे.वा.घ | रुपैयाँ | मे.वा.घ | रुपैयाँ |
| श्रावण | ४.८६ | २.१९ | ४.६२ | २.१० | ४.९० | २.२० | ४.३१ | १.९९ | ४.७२ | २.१४ | ४.३१ | १.९९ |
| भाद्र | ४.६८ | २.११ | ४.७५ | २.१४ | ४.६४ | २.१० | ४.७८ | २.१५ | ४.४६ | २.०३ | ४.३७ | २.०० |
| आश्विन | ४.८७ | २.१७ | ४.९४ | २.२१ | ४.८० | २.१६ | ४.०६ | १.८७ | ४.५९ | २.०७ | ४.३४ | १.९९ |
| कार्त्तिक | ४.८१ | २.१५ | ४.४६ | २.०१ | ४.७७ | २.१४ | ४.७५ | २.१३ | ४.५९ | २.०७ | ४.०३ | १.८५ |
| मंसिर | ३.९२ | १.८२ | ३.८९ | १.८० | ३.९८ | १.८३ | ३.९४ | १.८१ | ३.५९ | १.७० | ३.९० | १.८१ |
| पौष | २.९९ | १.४५ | २.८६ | १.३८ | ३.०६ | १.४८ | ३.०२ | १.४६ | २.५९ | १.२५ | ३.११ | १.५० |
| माघ | १.८५ | ०.८९ | २.०८ | १.०१ | २.१४ | १.०४ | २.१९ | १.०६ | २.१० | १.०१ | २.२१ | १.०६ |
| फाल्गुण | १.८३ | ०.८९ | १.७९ | ०.३६ | १.९९ | ०.९६ | १.९२ | ०.९३ | २.०४ | ०.९९ | १.९५ | ०.९४ |
| चैत्र | १.९९ | ०.९६ | १.७४ | ०.८४ | १.६७ | ०.८१ | २.११ | १.०२ | १.८९ | ०.९१ | १.७५ | ०.६९ |
| बैशाख | २.१५ | १.०४ | १.९६ | ०.९५ | १.८७ | ०.९० | २.१७ | १.०५ | २.४५ | १.८२ | १.७२ | ०.६८ |
| जेष्ठ | ३.११ | १.५० | २.३६ | १.१४ | ३.०६ | १.४८ | १.५७ | ०.७६ | ३.५३ | १.६८ | २.६२ | १.१२ |
| आषाढ | ३.६६ | १.७३ | ४.६९ | २.१३ | ४.३३ | २.०० | ४.५७ | २.०८ | ४.२१ | १.९४ | ३.६७ | १.६० |

सबै रुपैयाँ करोडमा
२०७०।०७१ को चैत्र देखि आषाड सम्म पुरानो रोयल्टि बापत रकम कट्टा गरिएको

**ख. ऋण तथा अन्य भुक्तानी दायित्व सम्बन्धमा :**

यस कम्पनीले इन्द्रावती – ३ ज. वि. आयोजना निर्माण गर्न नाबिल बैंक लि. को अगुवाइमा बनेको bank consortium बाट लिएको सम्पूर्ण ऋण यसै आ. व. को पौष मशान्तमा भुक्तान गरीसकिएको छ । सो सम्पूर्ण ऋणको बाँकि बक्यौताको हिसाब मिलान गर्न भने बाँकीनै छ ।

**ग. सुनकोशी हाइड्रो पावर प. लि. ले तल्लो इन्द्रावति ज. वि. आयोजनाको लागि लिएको ऋण स्विकारेको सम्बन्धमा :**

यस कम्पनीको सहायक कम्पनी सुनकोशी हाइड्रो पावर कम्पनी लि. ले तल्लो इन्द्राबति आयोजना बनाउनको लागि नबील बैंक ली., तिनधारा काठमाण्डौको अगुवाइमा बनेको कन्सोर्टियमबाट ऋण रकम लिएकोमा उक्त आयोजना समयमा सम्मन्न गर्न नसकेको कारणले गर्दा ऋण डिफल्ट (default) भएको, साथै उक्त कम्पनीको बिद्युत उत्पादन अनुमती पत्र समेत खारेज भएको, र यस नेशनल हाइड्रो पावर कम्पनी लि. को उक्त कम्पनी मा ९७ प्रतिशत भन्दा बढी शेयर लगानी रहेको हुनाले यस कम्पनीले कर्पोरेट ग्यारेन्टी दिएको, इन्द्राबति तेश्रो आयोजनाको PPA मा सुनकोशी हाइड्रो पावर कम्पनी लि. को कन्सोर्टियमको अधिकार समेत रहने उल्लेख भएको र उक्त ऋण रकम असुलीको लागि बैंकहरुले सुनकोशी हाइड्रो पावर कम्पनी लि. को चल अचल सम्पूर्ण सम्पत्ति लिलामी प्रकृयाको लागि पटक पटक सूचना प्रकाशित गरेको हुनाले, उक्त डिफल्ट(default) ऋणको लागि यस कम्पनीले कर्पोरेट ग्यारेन्टी दिएको र यस कम्पनीको ९७ प्रतिशत शेयर रहेको हुनाले यस नेशनल हाइड्रो कम्पनी लि. लाई कालो सूचिमा पर्न सक्ने र सो हुँदा कम्पनी नै धरासायी हुने भएको कारणबाट सुनकोशी हाइड्रो पावर कम्पनी लि. को ऋण र धन दुबै यस कम्पनीले लिने गरी हाल सम्म भएको ऋणमा लागेको सम्पूर्ण पेनल ब्याज

तथा केही लागेको ब्याज समेत मिनाहा गराइ जम्मा रु १९,९०,००,००० (रु उन्नइस करोड नब्बे लाख) को ऋण स्विकारेकोछ । यो ऋण आगामी ५ वर्षमा भुक्तानी गरिसकिने ब्यवस्था मिलाइएकोछ ।

## २. सञ्चालक समिति र त्यसमा भएको हेरफेर

यस कम्पनीको मिति २०६९/१०/२६ गते सम्पन्न भएको बार्षिक साधारण सभाबाट निर्बाचित ७ जना सञ्चालकहरु श्री कुमार पाण्डे, दिपक कार्की, प्रकाश रजौरे, बिश्वेश्बर सुबेदी, प्रदिपमान बैद्य, रुद्र कुमार श्रेष्ठ र योगेन्द्र राई हुन । निर्बाचित सञ्चालक समितिको मिति २०६९/१०/२९ मा बसेको संचालक समितिको बैठकबाट सर्बसम्मत रुपमा अध्यक्षमा कुमार पाण्डेलाई चयन गरिएकोमा हाल सम्म कुमार पाण्डेको अध्यक्षतामा कम्पनीको कार्यहरु भै रहेको छ । यस कम्पनीको सञ्चालक समितिको मिति २०७०।१।२१ मा बसेको सञ्चालक समितिको बैठकबाट कम्पनीको प्रबन्ध पत्र तथा नियमाबली र कम्पनी ऐन अनुसार स्वतन्त्र सञ्चालकमा श्री राम बहादुर तामाङ्गलाई नियुक्त गर्ने निर्णय गरियो । पश्चात स्वतन्त्र सञ्चालक समेत गरि यस कम्पनीमा ८ जनाको सञ्चालक समिति रहेको थियो । कम्पनीको कार्य गर्दै जाने क्रममा सञ्चालक समितिका सदस्य योगेन्द्र राईले कम्पनीको हित बिपरित कार्य गरेकोमा निजलाई पटक पटक स्पष्टिकरण सोधिएकोमा कुनै जवाफ नै नदिई बसेको हुनाले यस कम्पनीको मिति २०७१।११।२ मा कुमार पाण्डेको अध्यक्षतामा बसेको संचालक समितिको सर्वसम्मत निर्णयबाट निजलाई बर्खास्त गरिएको हुनाले रिक्त स्थानमा सोहि मितीमा बाँकि कार्यकालको लागी सर्वसम्मत निर्णयबाट अवकाश प्राप्त मेजर जेनरल श्री शिवराम प्रधान संचालकमा मनोनित भै बाकि कार्य कालको लागि कार्य गर्दै आईरहनु भएको छ । संचालक योगेन्द्र राईले कम्पनीको हित तथा प्रचलित ऐन कानून विपरित गई काम गरेकै कारणयस कम्पनीको तर्फबाट निजलाई बिपक्षी बनाई सम्मानित पुनराबेदन अदालत पाटनमा दायर गरेकोमुद्दामामिति २०७१/३/१० मा फैसला हुँदा श्री योगेन्द्र राईलाई कम्पनी ऐन २०६३ को दफा १३८ बिपरित कार्य भए गरेकोले र सोही ऐन को दफा १६० बमोजिम रु.२० हजार जरिवाना हुने गरि फैसला भएकोले निज कम्पनी ऐन को दफा ८९ को उपदफा ३ को खण्ड (ङ) बमोजिम संचालक रहन नसक्ने अवस्था आएको छ ।

यसै गरि निर्वाचित संचालक मध्येको सञ्चालक सदस्य श्री प्रदीपमान बैद्यले मिति २०६९/०५/१३ मा राजिनामा दिए पश्चात रिक्त पदमा बाँकी कार्यकालको लागि मिति २०७१/०८/०५ मा बसेको सञ्चालक समितिको निर्णयबाट सर्ब सम्मति रुपमा श्री बिकाश लामाज्यूलाई संचालक पदमा नियुक्त गरेको छ ।

यस कम्पनीको सञ्चालक समितिका मिति २०७१।५।२१ को निर्णय अनुसार सञ्चालक समितिका सदस्य मध्येका श्री दिपक कार्किलाइ कम्पनीको साख गिराउने कार्यमा सकृय भै कार्य गर्दै आई रहेको देखिन आएकाले सात दिन भित्र स्पष्टिकरण पेश गर्ने भनि स्पष्टिकरण सोधिएकोमा हालसम्म यस कम्पनीको सञ्चालक समितिमा कुनै जवाफ नदिनु भएको र यस अवधिमा आफैले आफैलाई यस कम्पनीको सञ्चालक समितिको अध्यक्ष हुँ भन्दै कम्पनी संग आवद्ध बिभिन्न निकायमा पत्राचार भएको देखिन

आएको, सो कार्यले कम्पनीको हित नहुने गरी भ्रम सिर्जना गरेको, सञ्चालक समितिको बैठकमा आफु स्वयं उपस्थित भइ कम्पनीको कार्यालय सार्न सहमत भइ सो बैठकको माइन्यूटमा हस्ताक्षर समेत गरी सो निर्णय कार्यान्वयन गर्दा त्यसको विरोध गरी अन्य सञ्चालकलाई गाली गलौज र मान मर्दन गर्ने काम गरेको हुनाले सञ्चालक दिपक कार्किलाई मिती २०७१।०९।११ बसेको सञ्चालक समितिको बैठकले निलम्बन गरिएको छ ।

साथै संचालक दिपक कार्कीले कम्पनीको हित तथा प्रचलित ऐन कानून विपरित गई काम गरेकै कारण यस कम्पनीको तर्फबाट निजलाई बिपक्षी बनाई सम्मानित पुनराबेदन अदालत पाटनमा दायर गरेको मुद्दामा मिति २०७१/१०/२७ मा भएको अन्तरिम आदेशमाश्री कार्की लाई"अध्यक्षको हैसियतमा सो कम्पनिको कुनै किसिमको काम कारवाही नगर्नु नगराउनु" भनी आदेश गरिएको छ ।

तसर्थ हाल कुमार पाण्डे (अध्यक्ष), विश्वेश्वर सुवेदी, रुद्र कुमार श्रेष्ठ, शिवराम प्रधान, विकास लामा, तथा राम बहादुर तमाङ्ग (स्वतन्त्र सञ्चालक) बहाल हुनुहुन्छ र सञ्चालक श्री प्रकाश रजौरेले प्रबन्ध सञ्चालकको भूमीका निर्वाह गरिरहनुभएको छ । सञ्चालक श्री दिपक कार्कि निलम्बनमा रहेको अवस्था छ ।

स्वतन्त्र सञ्चालकमा राम बहादुर तामाङ्ग र बाकी कार्यकालको नियुक्त हुन भएको शिबराम प्रधान र बिकास लामालाई यस बिशेष सधारण सभाबाट अनुमोदन गरि दिन हुन हार्दिक अनुरोध गर्दछु ।

## ४. नयाँ आयोजना तथा लगानी :

कम्पनीका शेयर धनीहरुलाई अधिकतम फाइदा उपलब्ध गराउनेगरी सञ्चालक समितिले नयाँ जल विद्युत आयोजनाको पहिचान गरी निर्माणको कममा लैजाने कार्यक्रम अघि सारेकोछ । यसै कममा तल्लो इन्द्रावतिको इजाजत पत्र पुनः प्राप्त गरी आयोजनालाई अघि बढाउने प्रयाशहरु भइरहेकाछन् ।

यसको अलावा भोजपुर जिल्लामा अवस्थित इर्खुवा खोलामा १० मे. वा. को तल्लो इर्खुवा खोला ज, वि. आयोजना को अध्ययन शुरु गरीएको छ।

अन्य आकर्षक आयोजनाहरुमा लगानी गर्ने अवसर आएमा सञ्चालक समितिले सो अध्ययन गर्ने समिति गठन गरेको छ।

## ५. समस्या र चुनौति

**क. मुद्दा तथा कानूनी कारवाहि :** यो सञ्चालक समितिले भूतपूर्व सञ्चालक, भूतपूर्व कर्मचारी तथा केही शेयरधनी हरु समेत संग विग्त तीन वर्ष देखि कानूनी लडाईं लडि रहनु परेको छ । मिती २०७१। ३।१० मा सम्माननीय पुनरावेदन अदालत पाटनबाट सात थान मुद्दा यस कम्पनीको हालको सञ्चालक समितिको पक्षमा फैसला भएको छ । साथै कम्पनीका सञ्चालकहरु विरुद्ध लगाइएको चोरी तथा गाली बेइज्जतीको मुद्दामा पनि बहालवाला सञ्चालकहरुकै पक्षमा जिल्ला अदालत काठमाडौंबाट निर्णय भई आएकोछ । मिति २०७२।१०।२६ मा सम्पन्न बार्षिक साधारण सभाबाट निर्देशित भए बमोजिम आर्थिक

बर्ष २०६६/०६७ र ०६७/०६८ को अस्विकृत लेखापरिक्षण प्रतिबेदनको सम्बन्धमा भएको छानबिन प्रतिबेदन समेत सभामा पेश गरिएको छ, आबश्यक सुझाबका साथ पारित गरि दिन अनुरोध छ ।

**६. धन्यवाद ज्ञापनः**

यस कम्पनीलाई प्रगति र सफलतातिर लैजानमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले बहुमुल्य सहयोग पुऱ्याउने तथा बहुमुल्य सुझाव दिइ कम्पनिको कार्य अभिवृद्धि गर्न सहयोग पुऱ्याउने सम्पूर्ण शेयर धनी महानुभावहरु, नेपाल सरकारका सम्बन्धित निकायका पदाधिकारीज्यूहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नाबिल लगायन अन्य ऋण दाता बैंकहरु, नेपाल धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, कम्पनीको प्रबन्ध सञ्चाकज्यू तथा काठमाडौं कार्यालय र सिन्धुपाल्चोकको उत्पादन केन्द्रमा अहोरात्र खटिएका कर्मचारी मित्रहरु सबैलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनहरुमा पनि यहाँहरुबाट सहयोग तथा सद्भाव पाउने अपेक्षा राखेकाछौं ।

धन्यवाद ।

...............

कुमार पाण्डे
अध्यक्ष
२०७२।०९।२४

## बिशेष साधारण सभाका प्रस्तावहरु

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिबेदन

२. मिति २०६९।१०।२६ मा सम्पन्न साधारण सभाले निर्देशन गरे बमोजिम छानबिन समितिले बुझाएको छानबिन प्रतिबेदन सम्बन्धमा ।

३. आर्थिक बर्ष २०६६/०६७, २०६७/०६८, २०६८/०६९ को लागि लेखापरिक्षक चार्टर एकाउण्टेन्ट ए. पि. एण्ड एशोशिएट्सका ......................... लाई बार्षिक रु. १ लाख दिने गरि

आर्थिक बर्ष २०६९/०७०, २०७०/०७१ र २०७१/०७२ को लागि लेखापरिक्षक

४. प्रबन्ध पत्र तथा नियमाबलीमा सँशोधन गर्ने सम्बन्धमा ।
 (क) ठेगाना परिर्बतन गर्ने ।
 प्रबन्ध पत्रको दफा २
 नियमाबलीको नियम १ (ख)
 (ख) नियमाबलीको नियम १६ को (ख) र (च)
 (नोट ६७ बाट ५१ प्रतिशत बनाउने)

५. बिबिध ।